# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल


प.स. २०८२/०८३

## अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना(सि.बि.आर)कार्यक्रम सञ्चालनको लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/१८)

उत्तरगया गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना **(सि.वि.आर)** कार्यक्रम संचालन गर्नका लागि बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको **स्थानीय तहमा विनियोजित ससर्त अनुदानको वार्षिक कार्यान्वयन मार्गदर्शन,** २०८२/०८३ तथा **अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि,** २०८० को दफा(३)को(१)बमोजिम उल्लिखित कार्यक्रम संचालन गर्नका लागि सोही कार्यविधिको दफा(६)को उपदफा(२)बमोजिम प्रतिस्पर्धाका आधारमा संस्था छनोट गर्नुपर्ने भएकाले सो कार्यविधिको दफा(९) बमोजिम अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा कार्यरत योग्यता पुगेका संस्थाहरुले सो मार्गदर्शन बमोजिम रु पाँच लाखमा नबढने गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०८३/०१/०२) गते कार्यालय समयभित्र यस कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.वि.आर.कार्यक्रम संचालनका लागि संस्थाहरुको मापदण्डहरुः

- संस्था अपाङ्गता भएका व्यक्तिद्वारा संचालित हुनुपर्ने र विधानमा सबै अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने । अभिभावकहरुका संस्थाको हकमा भने बौद्धिक अपाङ्गता, अटिजम, श्रवणदृष्टिविहिन, डाउन्ससिन्ड्रोम र बहुअपाङ्गता भएका व्यक्तिका अभिभावकहरुको संस्था हुनुपर्ने,
- संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको र हरेक वर्ष नियमित नवीकरण गरेको हुनुपर्ने,
- संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर, इमेल ठेगाना भएको हुनुपर्ने,
- संस्था समाज कल्याण परिषदमा आवद्ध र नियमित नवीकरण भएको हुनुपर्ने,
- संस्था स्थानीय तहमा सूचीकृत भएको हुनुपर्ने,
- संस्था अपाङ्गता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने र नियमित लेखापरीक्षण गरेको हुनुपर्नेछ,
- संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी,/कर्मचारी वा स्वयंसेवक लैङ्गिक तथा यौन दुर्व्यवहार, कुनै भेदभाव जन्य कामहरु, भ्रष्टाचार, गैरकानूनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने ।

(पुनश्चः उत्तरगया गाउँपालिका भित्रको संस्थालाई विशेष प्राथमिकता दिइनेछ ।)

२०८२/१२/१८

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत